पोखरा उपत्यका साइडसिन घुम्न जाउँ

घुमाउने ठाउँहरू

बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, बिन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय बिहान ९:३० बजे



सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स

061-544439, 589012, 9856051659 9856034631, 9856082622



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ७८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत १९ गते मंगलबार ❑ 1 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## हिमालय एअरलाइन्सले पहिलो पटक पोखरामा व्यवसायीक उडान गर्न सुरु

**पोखरापत्र संवाददाता**

पोखरा, १८ चैत

हिमालय एअरलाइन्सले पहिलो पटक पोखरामा व्यवसायीक उडान गर्न सुरु गरेको छ । काठमाडौं-ल्हासा सिधा हवाई उडान गर्दै आएको हिमालय एअरलाइन्सले ल्हासा–पोखराको सिधा हवाई उडान गर्न सोमबार देखि सुरु गरेको हो ।

चाइनिज नागरिक सहित अन्य पर्यटक गरी १ सय ७ जना यात्रु लियर हिमालय एअरलाइन्स कम्पनीको विमानबाट सोमबार दिउँसो पोखरा अन्तराष्ट्रिय विमानस्थलमा आएको हिमालय एअरलाइन्स्का उपाध्यक्ष एवम् प्रवक्ता विजय श्रेष्ठले बताउनु भयो । १ घण्टा ३४ मिनेटमा ल्हासा देखि पोखरा आएको हिमालय एअरलाइन्सको एज ९ ७३२ विमान मंगलबार बिहान ८:२० मा उडान गर्ने भएको छ।

उक्त विमानबाट मंगलबार १ सय भन्दा बढी चिनियाँ सहित पोखराका केही पर्यटन व्यवसायीहरु सहितको टोली पोखरा देखि ल्हासा प्रस्थान गर्ने भएको उहाँले जनाउनु भयो । पोखरालाई ल्हासासँग जोड्न सातामा एक




उडान गर्ने गरी उडान तालिका सार्वजनिक गरिएको हिमालय एयरलाइन्सले जनाएको छ।

ल्हासा-पोखरा उडानले नेपाललाई विश्वसँग जोड्ने, सांस्कृतिक आदान प्रदानलाई सहज बनाउने र दुवै गन्तव्यहरूको पर्यटन वृद्धिमा सहयोग गर्ने एअरलाइन्स्को विश्वास लिएको छ। दुई राष्ट्रका नागरिक-बीचको सम्बन्धलाई मजबुत बनाउने, पर्यटन र व्यापारलाई प्रवर्धन गर्ने उद्देश्यले संचालन भएको उक्त व्यवसायीक उडान सफल हुने प्रवक्ता श्रेष्ठले विश्वास व्यक्त गर्नु भयो। नयाँ रुटको परिचयसँगै हिमालयले उच्च सुरक्षा मापदण्ड कायम गर्दै यात्रुहरूका लागि अविस्मरणीय यात्रा अनुभवहरू सिर्जना गर्ने लक्ष्य राखेको प्रवक्ता श्रेष्ठले उल्लेख गर्नुभयो।

ल्हासाबाट पोखरा आएका पर्यटकहरुलाई पोखरामा स्वागत गरिएको छ । पोखरामा आएका यात्रुलाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, पोखराका मेयर धनराज आचार्य, कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, पोखराका पर्यटन तथा व्यवसायीहरुले खादा तथा माला लगाउदै स्वागत गर्नु भएको थियो । नेपालको पर्यटकीय राजधानी पोखरालाई अन्य अन्तर ाष्ट्रिय गन्तव्यबाट पनि जोड्न सक्ने अबस्थाले गण्डकी प्रदेशकै पर्यटन र आर्थिक विकासमा ठुलो टेवा पुग्ने मुख्यमन्त्री पाण्डेले बताउनु भयो। यसअघि चार्टर उडान हुने गरेको भए पनि पोखरा अन्तर्राष्ट्रिय विमानस्थल बनेपछि पहिलोपल्ट हिमालय एयरलाइन्सले नियमित व्यावसायिक उडान थालेको हो। पोखराका मेयर आचार्यले पोखरा छेन्दु सिचुवान एअरलाइन्सको विमानले समेत ३ महिनाको व्यवसायीक चार्टर्ड उडान सुरुवात गर्नुले पोखरा चाइनामा हवाई कनेक्टिङ जोडिन लागेको बताउनु भयो।

नेपाल-चीन बीचको संयुक्त साझेदारी कम्पनीका रूपमा स्थापित अन्तर्राष्ट्रिय विमान कम्पनी हिमालय एअरलाइन्स्ले ल्हासागोङ्गर विमानस्थलबाट पोखरा अन्तरष्ट्रिय उडान सुरु गर्नुले पोखराका पर्यटन वयवसायीहरु निकै उत्साहित हुनु भएको छ। हिमालय एअरलाइन्स आफ्ना यात्रुहरूलाई गुणस्तरीय सेवा र सुरक्षित यात्राको अनुभव प्रदान गर्न सदैव प्रतिबद्ध रहेको कम्पनीले जनाएको छ। यो मार्गमा उडान शुभारम्भ भएसँगै ग्रीष्मकालीन सिजनमा पनि पर्यटन बढ्ने अपेक्षा गरिएको छ।

## हरेक धर्मका असल परम्परालाई अनुशरण गरौंः प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**

पोखरा, १८ चैत

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले हरेक धर्मका असल परम्परालाई अनुशरण गर्नुपर्ने बताउनुभएको छ।

इस्लाम धर्मावलम्बीहरूको पर्व ईद (ईद-उल-फित्र) को अवसरमा शुभकामना व्यक्त गर्दै उहाँले सबै धर्मको सकारात्मक पक्षलाई अनुशरण गर्नुपर्ने बताउनुभएको हो।

'यस धार्मिक मान्यताले नेपाली समाजलाई सहयोगी तथा मानवीय बन्न उत्प्रेरित गर्दै आएको छ, उहाँले शुभकामना सन्देशमा भन्नुभएको छ, 'यस पर्वसँग जोडिएको यस प्रकारको असल परम्परालाई हामीले संरक्षण गर्दै भावी पुस्तालाई हस्तान्तरण गर्नुपर्नेछ।'

विविधतामा एकता नेपालीको विशिष्ट पहिचान भएको बताउँदै उहाँले विविधता बीचको एकता नेपालीको विशिष्ट पहिचान रहेको उल्लेख गर्नुभयो।

शुभकामना सन्देशमा उल्लेख छ, 'यी प्रत्येक पर्वहरुलाई सबैले आदर र सम्मान गर्ने हाम्रो आफ्नै सद्भावयुक्त परम्परा छ, त्यस मध्ये ईद-उल-फित्र पर्व पनि एक महत्वपूर्ण पर्व हो। यसको संरक्षण जरुरी छ।' रमजानको तीस दिने उपवासपछिको रातमा खुर्पेचन्द्रमा देखिएको भोलिपल्ट ईद अर्थात् ईद-उल-फित्र मनाउने प्रचलन छ । यो पर्व नेपाल लगायत विश्वभरिकै मुस्लिम समुदायको महान् पर्वको रुपमा मनाइदैं आएको छ।

ईदमा विशेष नमाज समर्पण गरिसकेपछि आपसमा शुभकामना र आशीर्वचन आदान प्रदान गरिनुका साथै मिष्ठान्न परिकारसमेत खाने र खुवाउने परम्परा रहिआएको छ।

यस पर्वले भाइचाराको भावना तथा बृहत् राष्ट्रिय एकताको सोच अभिवृद्धि गर्न प्रेरणा मिल्ने प्रदेश प्रमुख भट्टको विश्वास रहेको छ।

## सञ्चारकर्मीमाथिको आक्रमण निन्दनीय : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**

पोखरा, १८ चैत

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आन्दोलनका नाममा सञ्चारकर्मी र मिडियामाथिको आक्रमण निन्दनीय भएको बताउनुभएको छ।

पत्रकार सुरेश रजकको मृत्युको विषयलाई लिएर पत्रकार महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेलद्वारा आज पोखरामा बुझाएको ध्यानाकर्षणपत्र बुझ्दै मुख्यमन्त्री पाण्डेले आन्दोलन र जनसभाका नाममा भएको अराजक गतिविधिका कारण पत्रकार रजकसहित अर्का एक युवाको ज्यान जानु अत्यन्तै दुःखद भएको बताउँदै उक्त हत्यामा संलग्नलाई पक्राउ गरी छिटोभन्दा छिटो कानुनी दायरामा ल्याउने आश्वासन दिनुभयो।

'नेपालको संविधानले शान्तिपूर्ण रूपमा जनसभा र जुलुस गरी आफ्ना माग राख्न पाउने अधिकार दिएको छ, तर अराजक गतिविधिद्वारा जनधनको क्षति गर्ने गरी यस्ता गतिविधि गर्न कुसैलाई छुट छैन", उहाँले भन्नुभयो, "चैत १५ गते काठमाडौंको तिनकुनेमा घटाइएको उक्त घटना निन्दनीय छ।" निरङ्कुश राजतन्त्रको बेला जनतामा सचेतना जगाउन नेपालको मिडिया क्षेत्रले महत्त्वपूर्ण योगदान गरेको बताउँदै उहाँले महासङ्घले बुझाएको ध्यानाकर्षण पत्र आफूले सङ्घ सरकारसम्म पुऱ्याइदिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

सञ्चारकर्मीले संविधान र गणतन्त्रको सुरक्षाको लागि सधैं सक्रिय रूपमा कलम चलाउँदै आएको बताउँदै उहाँले स्वतन्त्र पत्रकारिताको लागि प्रदेश सरकारको सधैं सहयोग रहने बताउनुभयो। ध्यानाकर्षण पत्रमा ज्यान गुमाएको पत्रकार रजकको हत्याबारे गहिरो अनुसन्धान गरी हत्यामा संलग्नलाई फौजदारी अभियोगमा कारबाही गर्न तथा उहाँको परिवारलाई क्षतिपूर्ति दिनुपर्ने उल्लेख गर्नुभयो। त्यस्तै घाइते पत्रकारको उपचारमासमेत सरकारलेसहयोगगर्नुपर्नेध्यानाकर्षण पत्रमा उल्लेख छ।

## राष्ट्रिय हेमजा आलु महोत्सवको तयारी तीव्र

**पोखरापत्र संवाददाता**

पोखरा, १८ चैत

यही चैत २४ देखि वैशाख ३ गतेसम्म हुने १३ औं संस्करणको राष्ट्रिय हेमजा आलु महोत्सवको तयारी तीव्र पारिएको छ। आयोजक विष्णुपादुका क्लवले सोमबार पत्रकार सम्मेलन आयोजना गरी महोत्सवको तयारी बारे जानकारी दिएको हो।

'सुन्दर ठाउँ हेमजा जाउँ, आलुका स्वादिष्ट परिकार खाउँः आलु एक परिकार अनेक' भन्ने मूल नाराका साथ संचालन हुन लागेको उक्त महोत्सवका




आकर्षणका रुपमा आलु तथा ताजा तरकारीहरुको बृहत प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार, कृषकका लागि माटो, बोटविरुवा परीक्षण तथा रोगको निदान रहेका छन्।

त्यस्तै कृषक तथा कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रतियोगिता, चर्चित कलाकारहरुका प्रस्तुति, कृषक सम्मान साथै विभिन्न कृषि उपज, वीउविजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी पनि रहेको महोत्सव मूल आयोजक समितिका संयोजक समेत रहनुभएका क्लव अध्यक्ष वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो। उहाँले भन्नुभयो महोत्सव कृषकको चाड हो।

पोखरा महानगरपालिका प्रवक्ता समेत रहनुभएका वडाध्यक्ष मोतिलाल तिमिल्सीनाले आलु महोत्सव समग्र पोखराकै ब्राण्ड बनेको उल्लेख गर्नुहुँदै महोत्सवसँगै कृषकलाई प्रोत्साहन गर्न खोजिएको स्पष्ट पार्नुभयो । पछिल्लोपटक हेमजा महोत्सवमय बन्दै गइरहेको उल्लेख गर्नुहुँदै प्रवक्ता तिमिल्सीनाले आलु महोत्सवले पोखरा भ्रमण वर्षलाई सघाउने विश्वास समेत व्यक्त गर्नुभयो । त्यस अवसरमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई गण्डकीका माधव लम्साल, ज्ञान केन्द्र कास्कीका कृषि प्रसार अधिकृत रामकृष्ण अर्याल, नेपाल पत्रकार महासंघ कास्की उपाध्यक्ष माधव रेग्मी लगायतले पनि धारणा राख्नुहँदै आलु महोत्सवको प्रवर्द्धनमा जोड दिनुभयो । उहाँहरुले आलु महोत्सवलाई अझ सुदृढ एवम् परिमार्जन गर्दै लैजानुपर्ने बताउनुहुँदै कृषि उपजका नाममा महोत्सव हुनु आफैँमा महत्वपूर्ण भएको औंल्याउनुभयो।

मूल आयोजक समितिका संयोजक श्रेष्ठको अध्यक्षतामा भएको उक्त कार्यक्रममा सचिव विकल थापाले स्वागत तथा महोत्सवका महासचिव हिक्मत थापाले कार्यक्रम संचालन गर्नुभयो । वि.सं. २०७८ को जनगणना अनुसार हेमजामा कुल ३ हजार ५ सय १७ घरमा २२ हजार ५ सय ३२ मानिस वसोबास गर्दछन्। हेमजाको कुल १३ हजार ५ सय हेक्टर क्षेत्रफल मध्ये ५ सय ५० हेक्टरमा आलु खेती गर्ने गरिन्छ। त्यहाँका २ हजार घरपरिवार कृषिमा आधारित रहेकोमा १ हजार ५० कृषकले व्यवसायिक आलु खेती गर्दै आउनुभएको छ। त्यहाँ प्रति रोपनी आलुको औसत उत्पादन लागत रु.१८ हजार ५ सय ५७ रहेकोमा औसद उत्पादन ७ सय ५ केजी प्रतिरोपनी रहेको तथ्याङ्कमा उल्लेख छ। हेमजामा उत्पादन भएका आलु तथा अन्य ताजा तरकारीका वृहत प्रदर्शन एवम् प्रचारप्रसार गर्ने, हेमजालाई व्यवसायिक कृषि पर्यटन क्षेत्रका रुपमा देश विदेशमा चिनाउने, क्लब भवन निर्माणका साथै तरकारी संकलन तथा बिक्री वितरण केन्द्र निर्माण गर्ने एवम् विष्णुपादुका बहुउद्देश्यीय भवन निर्माणलाई पूर्णता दिने उद्देश्यका साथ महोत्सव गर्न लागिएको हो।


## डेंगीबाट कसरी बच्ने ?

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं।
- कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# गणतन्त्रमाथिको आक्रमणको गणतन्त्रवादीले प्रतिवाद गरौं

शाह वंशीय राजतन्त्रको अन्त्य गरेर नेपालमा गणतन्त्र जनताको बलिदानबाट आएको हो । नेपाली जनताको निरन्तरको आन्दोलनको परिणाम गणतन्त्रको घोषणा भएको हो । संविधानसभाको पहिलो बैठकले गणतन्त्र घोषणा गरेको हो।नेपालमा संविधानसभाको निर्वाचन गर्ने घोषणा राजा त्रिभुवनले गरेका थिए । उनले आफ्नै घोषणा कार्यान्वयन गरेनन् । पछि संसदको चुनाव भयो । निर्वाचनमार्फत कांग्रेसले दुई तिहाइ बहुमत पायो । राजा महेन्द्रले संसद भंग गरे । निर्वाचित प्रधानमन्त्री वीपी कोइरालालाई जेल हाले । दलमाथि प्रतिबन्ध लगाए । ३० बर्ष निरंकुश पंचायती शासन लादियो । जनताको आन्दोलनले पंचायत ढल्यो । बहुदलीय व्यवस्था पुनस्थापना भयो । संबैधानिक राजतन्त्रमा दलहरुले सहमति गरे । राजाले फेरि सहमति तोडेर निरंकुशता लादे । जनताले शान्तिपूर्ण आन्दोलनबाट राजालाई घुँडा टेकाए।राजनीतिक दलको सात दशकदेखिको प्रयासबाट प्राप्त गणतन्त्र यो कुनै एक दिनको आन्दोलनबाट हट्ने कुरा होइन। जनताको प्रतिनिधित्व हुने व्यवस्था नै लोकतन्त्र हो, जहाँ हरेक नागरिकले मतदानमार्फत् निर्णय लिन्छ ।

यदि कुनै समूह विशेषले राजनीतिक परिवर्तन चाहन्छ भने त्यसका लागि संवैधानिक प्रक्रियामा सहभागी हुनुपर्छ । शान्तिपूर्ण आन्दोलन गर्नुपर्छ, । चुनावी प्रतिस्पर्धामा आउनुपर्छ। तर, हिंसाको सहारा लिएर शासन परिवर्तन गर्ने सपना देख्नु उदण्डता मात्रै हो । सबैभन्दा खतरनाक पक्षचाहिँ सञ्चारमाध्यम माथिको आक्रमण र पत्रकारको हत्या हो । राज्यको चौथो अंग मानिएका पत्रकारहरू लोकतन्त्रका आँखा हुन् जो जनताका आवाज उठाउने माध्यम हुन् । जनता र सरकारको सम्बन्ध सेतु हुन् । तिनै सञ्चारकर्मीलाई निशाना बनाउनु भनेको नागरिक अधिकारमाथि प्रहार गर्नु हो। पूर्वराजा ज्ञानेन्द्र पक्षधरले उनको प्रत्यक्ष शासनकालको त्रासदीपूर्ण अवस्था जनतालाई स्मरण गराएका छन् ।

यो उनकै लागि बढी प्रत्युत्पादक हुने पक्का छ । पत्रकार हरूको हत्याजस्तो जघन्य अपराध लोकतान्त्रिक समाजमा कहिल्यै स्वीकार्य हुन सक्दैन। यसले नेपालमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि नै खतरा उत्पन्न गराएको छ । सरकारले यस्ता घटनालाई हलुका रूपमा लिनु हुँदैन । दोषीहरू पहिचान गरेर उनीहरूलाई कडा कारबाही गर्नुपर्छ। कानुनी शासन कायमै छ भन्ने महसुस गराउन राज्यले प्रभावकारी कदम चाल्नुपर्छ । अराजकतावादीहरूलाई राजनीतिक संरक्षण र अपराधीहरूलाई उन्मुक्ति दिनु भनेको लोकतन्त्रकै विरुद्धमा काम गर्नु हो । संसदमा प्रधानमन्त्री केपी शर्मा ओलीले हिंसात्मक गतिविधिमा संलग्न जोसुकैले पनि उन्मुक्ति नपाउने उद्घोष गरेका छन।मारिएका पत्रकार सुरेश रजकका परिवारलाई अपराधीलाई कानुनी कार्वाही गर्ने प्रतिबद्धता जनाएका छन । देशका प्रमुख दलहरु जो संघीय लोकतान्त्रिक गणतन्त्रका पक्षधर छन ती सबैले हिंसा र अराजकता मच्चाउनेलाई कार्वाही गर्न माग गरेका छन । नागरिक समाजको पनि अपराधीलाई नछाड्न र हिंसा भड्काउनेलाई नछोड्न खबरदारी गरेका छन ।

अपराध गर्नेहरू सानो ठूलो भन्ने हुँदैनन्, जिउँदो मान्छेलाई जलाउनु निन्दा गरेर सकिने विषय रहेन । राजतन्त्र फर्काउने नाममा अपराध मच्चाउनु क्षम्य हुन सक्दैन । अब राज्यले कडा कदम चालेर लोकतान्त्रिक मूल्यको रक्षा गर्नुपर्छ । कानुनी शासन स्थापित गरेर कुकृत्यमा उकास्ने पूर्वराजा ज्ञानेन्द्र शाह र विध्वंश मच्चाउनेहरूलाई कारबाही नगरे गणतन्त्र र प्रजातन्त्र दुवै संकटमा पर्न सक्छन् । सरकार सचेत होस्, लोकतन्त्रप्रेमी नागरिक सतर्क हुनुपर्छ । संघीय लोकतान्त्रिक गणतन्त्रका राज्य प्रणाली माथिको आक्रमणमा सबै ठाउँबाट प्रतिवाद हुनु आवश्यक छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : कार्यमा सफलता |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# 'गोएएमएल' मा एक हजार छ सय बढी अनुसन्धानकारी निकाय आबद्ध

**रासस**
काठमाडौं, १८ चैत

सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी रिपोर्टिङका लागि एकाइका रुपमा स्थापित अनुसन्धनात्मक प्रणाली (गोएएमएल) मा आबद्ध अनुसन्धानकारी निकाय र नियामक निकायको सङ्ख्या एक हजार छ सय ३९ पुगेको छ ।

नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको विवरणअनुसार, अनुसन्धानकारी निकाय र नियामक निकायको सङ्ख्या क्रमशः वृद्धि हुँदै गएको हो । सूचक संस्थाहरूले एकाइमा सम्प्रेषण गरेका शंकास्पद कारोबार तथा गतिविधि प्रतिवेदनको सङ्ख्या आर्थिक वर्ष २०७९/८० मा पाँच हजार नौ सय ३५ रहेकामा आव २०८०/८१ मा सो सङ्ख्या करिब २४ प्रतिशतले वृद्धि भई सात हजार तीन सय ३८ पुगेको छ । सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ बमोजिम गर्नुपर्ने सूचक संस्थाले एकाइमा पेस गरेको सीमा कारोबारको सङ्ख्या आव २०७९/८० मा १६ लाख ९८ हजार तीन सय ९८ रहेकामा आव २०८०/८१ मा १६ लाख ९७ हजार सात सय १२ छ ।

वित्तीय जानकारी एकाइले आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन प्रकाशन गरी सार्वजनिक गरेको छ । प्रतिवेदनमा एकाइको वार्षिक काम कारबाही तथा नेपालको सम्पत्ति शुद्धीकरण निवारण प्रणालीसम्बन्धी विवरण तथा जानकारी दिइएको छ । सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ बमोजिम गर्नुपर्ने रिपोर्टिङका लागि एकाइको गोएएमएल प्रणालीमा आबद्ध गरिएको छ । सो प्रणालीमा प्राप्त भएका अधिकांश शङ्कास्पद कारोबार एवं गतिविधि प्रतिवेदन, कर छलीसम्बन्धी, मौद्रिक एवं बैंकिङ, विदेशी विनिमय, बिमा, सहकारीसम्बन्धी, ठगीसम्बन्धी चिट्ठा जुवा, सट्टेबाजीलगायत सम्बद्ध कसुरसँग सम्बन्धित रहेको पाइएको छ । प्राप्त शङ्कास्पद कारोबार तथा गतिविधि प्रतिवेदनमध्ये गत वर्षभन्दा ३४ प्रतिशतले वृद्धि भई आव २०८०/८१ मा जम्मा विश्लेषण भएको सङ्ख्या एक हजार छ सय ३२ पुगेकामा सोमध्ये आठ सय ८९ वटा प्रतिवेदन थप अनुसन्धानका लागि कानुन कार्यान्वयन गर्ने निकायमा कारबाहीका लागि प्रवाह गरिएको छ । सोमध्ये सात सय ४६ वटा प्रतिवेदन एकाइले भविष्यमा थप जानकारी प्राप्त भएमा पुनःविश्लेषण गर्ने गरी अभिलेखीकरण गरेको छ । सन् २०२३ मा नेपालको तेस्रो चरणको पारस्परिक मूल्याङ्कन सम्पन्न भई एक वर्षको अवलोकन अवधिमा नेपालले विविध सुधार गरेको छ । हाल नेपाललाई वित्तीय कारबाही कार्यदल (एफएटिएफ) ले थप अनुगमनको सूचीमा राखेपछि नेपालले सोबाट बाहिरिन तथा समयबद्ध कार्ययोजना कार्यान्वयन प्रयास गरिरहेको छ । सम्पत्ति शुद्धीकरण तथा वित्तीय अपराधमा नेपालमा प्रयोग भइरहेका सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानीसम्बन्धी कसुरको प्रकारका बारेमा उल्लेख छ । यसैगरी कसुर गर्ने प्रविधि, पद्धति तथा प्रवृत्तिहरु जस्तै हुण्डी, साइबर ठगी, अनलाइन अवैध खेल, अभौतिक सम्पत्ति, कर छली, भ्रष्टाचार, आयात तथा निर्यातको माध्यमबाट हुने सम्पत्ति शुद्धीकरणलगायतका विषय समावेश छ ।

# पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा नियमित अन्तरर्राष्ट्रिय उडान सुरु

**वासुदेव पौडेल र ऋषिराम बराल**
गण्डकी, १८ चैत

सञ्चालनमा आएको दुई वर्ष पछि पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा आजदेखि नियमित अन्तरराष्ट्रिय उडान सुरु भएको छ ।

चीनको ल्हासाबाट एक सय सातजना यात्रुसहित हिमालय एयरलाइन्सले नियमित उडान गर्दै पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अवतरण गरेको हो । योसँगै पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा नियमित अन्तरराष्ट्रिय उडान गर्ने पहिलो वायुसेवा कम्पनी हिमालय एयरलायन्स बनेको छ । पहिलो नियमित अन्तरराष्ट्रिय उडानमार्फत पोखरा अन्तरराष्ट्रिय विमानस्थल आएका यात्रुलाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, नेपालका लागि चिनियाँ राजदूत छेन सङ, पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यलगायतले स्वागत गर्नुभयो । हिमालय एयरलायन्सले पोखरा-ल्हासा रुटमा सातामा एक नियमित उडान थालेको हो । यस अघि पोखरा विमानस्थलबाट सिचुवान एयरलायन्सले पहिलो व्यवसायिक चाटर्ड उडान सुरु गरिसकेको छ ।

चीन सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण गरिएको पोखरा अन्तरराष्ट्रिय विमानस्थल २०७९ पुस १७ गतेदेखि सञ्चालनमा आएको हो । विमानस्थल सञ्चालनमा आए पनि अन्तरराष्ट्रिय उडान हुन सकेको थिएन । यात्रुहरूलाई स्वागतपछि विमानस्थलमा आयोजित कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पहिलो नियमित उडान



सुरु हुनु आफैँमा महत्त्वपूर्ण भएको बताउनुभयो । उहाँले यसको निरन्तरताका लागि प्रदेश सरकारका तर्फबाट साथ र सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धनमा ' कनेक्टीभिटी'को भूमिका हुने बताउँदै उहाँले पोखरालाई गन्तव्यको रूपमा रोजेकोमा हिमालय एअरलाइन्सको प्रशंसा गर्नुभयो । उहाँले भन्नुभयो, "चुनौती बाँकी रहे पनि, सरकारी सहयोगले तिनीहरूलाई सम्बोधन गर्न सकिन्छ । गण्डकी सरकार पोखरामा हिमालय एअरलाइन्स्को सञ्चालनलाई सहजीकरण र विस्तार गर्न प्रतिबद्ध छ ।''

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री अरुणकुमार चौधरीले पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अन्तराष्ट्रिय उडान सुरु भइसकेका अवस्थामा पर्यटकलाई पोखरा आउँ आउँ लाग्ने वातावरण बनाउनुपर्ने बताउनुभयो । हिमालय एअरलाइन्स्ले पोखरा-ल्हासा मार्गमा साप्ताहिक उडानको सफलतापूर्वक स्थापना गरेको बताउँदै उहाँले आगामी दिनमा एअरलाइन्स्को उडान सञ्चालनलाई विस्तार गर्ने दिशामा लाग्न शुभकामना व्यक्त गर्नुभयो । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले उडानलाई नियमित गर्न सबैको साथ र सहयोग आवश्यक हुने बताउनुभयो । पोखराबाट पहिलो निर्धारित तालिका, उडान सेवा र १४औँ अन्तरराष्ट्रिय उडान प्रदान गरेकामा हिमालय एयरलाइन्स् प्रति धन्यवाद व्यक्त गर्दै उहाँले ऐतिहासिक ल्हासा-पोखरा उडानले दुवै देशका नागरिकलाई एक-अर्काका देशहरूको समृद्ध संस्कृति र पर्यटन अन्वेषण गर्न मद्दत पुग्ने बताउनुभयो ।

नेपालका लागि चिनियाँ राजदूत चेन सोङले सुन्दर नगर पोखरामा सुरु भएको व्यवसायिक उडानले निरन्तरता पाउने विश्वास व्यक्त गर्नुभयो । नेपाल र चीन बीचको ७० वर्षको ऐतिहासिक सम्बन्ध आगामी दिनमा अझै प्रगाढ बन्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । पोखरेली जनतालाई पहिलो निर्धारित व्यावसायिक उडानका लागि बधाई दिदै उहाँले निर्धारित अन्तरराष्ट्रिय उडानको सपना हिमालयले अब वास्तविक बनाएको उल्लेख गर्नुभयो ।

हिमालय एयरलायन्सका अध्यक्ष झोउ एनयोङले ऐतिहासिक उडान हिमालय एअरलाइन्स् र नेपालको उड्डयन उद्योगका लागि ठूलो सफलता भएको बताउनुभयो । यसले पोखरालाई प्रमुख अन्तरराष्ट्रिय प्रवेशद्वारको रूपमा स्थापित गर्दै क्षेत्रीय हवाई सम्पर्कलाई प्रवर्द्धन गर्ने बताउनुभयो । उहाँले यो केवल नयाँ मार्ग मात्र नभई नेपाल-चीन सम्बन्धलाई थप सुदृढ बनाउने, पर्यटन प्रवर्द्धन गर्ने तथा व्यापार र सांस्कृतिक आदानप्रदानका नयाँ अवसरहरू सिर्जना गर्ने महत्त्वपूर्ण पहल भएको धारणा राख्नुभयो । नागरिक उड्डयन प्राधिकरणका उपमहानिर्देशक देवचन्द्रलाल कर्णले हिमालय एअरलाइन्स् लाई पोखराबाट उद्घाटन र निर्धारित उडान दुवै सञ्चालन गर्ने पहिलो एअरलाइन्स् भएकोमा बधाई दिनुभयो । उहाँले पोखराका पर्यटन व्यवसायी र सरोकारवालाहरूलाई पोखरा-ल्हासा मार्गलाई सफल बनाउन सहयोगको अनुरोध गर्नुभयो ।

हिमालय एअरलाइन्स्का उपाध्यक्ष एवं प्रवक्ता विजय श्रेष्ठले नयाँ रुटप्रति उत्साह व्यक्त गर्दै हिमालयको मुख्य उद्देश्य चीनका विभिन्न १० पर्यटकीय क्षेत्रमा उडान सञ्चालन गर्ने र वार्षिक १० लाख चिनियाँ पर्यटकलाई नेपालमा स्वागत गर्ने भएको बताउनुभयो ।

हिमालय एअरलाइन्स्ले सधैँ चीनमा नयाँ गन्तव्यहरू खोज्दै आएको र नियमित उडान सञ्चालनहरू अगाडि बढाउँदै आएको उल्लेख गर्दै उहाँले यो नयाँ रुटको सुरुवातसँगै हिमालयले उच्च सुरक्षा मापदण्ड कायम गर्दै यात्रुहरूका लागि अविस्मरणीय यात्रा अनुभव सिर्जना गर्ने लक्ष्य राखेको बताउनुभयो ।

# चुमनुब्रीमा सात सय धारा जडान

**पोखरापत्र संवाददाता**
गोरखा, १८ चैत

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकामा 'चुमनुब्री बृहत् योजना' अन्तर्गत सात सय धारा जडान भएका छन् ।

गण्डकी प्रदेशको 'एक घर एक धारा' अभियानअन्तर्गत चुमनुब्रीमा उक्त योजना लागू भई खानेपानीको धारा जडान भएका हुन् । आर्थिक वर्ष २०७७/७८ मा ठेक्का सम्झौता भएको चुमनुब्री बृहत् योजनाको हालसम्मको भौतिक प्रगति ८५ प्रतिशत रहेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय गोरखाले जनाएको छ । सो पालिकाको वडा नं २, ३, ४, ५ र ६ मा योजना लागू भएको कार्यालयका सव-इञ्जिनियर दीपक खनालले बताउनुभयो । उहाँका अनुसार कार्यालयले योजनाको जिम्मा पराजुली होम निर्माण



सेवा कम्पनीलाई दिएको थियो । जसअन्तर्गत हालसम्म सात सय घरधुरीमा खानेपानीका धारा जडान भइसकेका छन् ।

योजना सम्पन्न गर्ने म्याद २०८३ असार मसान्तसम्म छ । गाउँपालिकाभर सात सय घरधुरीमा धारा निर्माणका लागि कम्पनीसँग रु छ करोड ६० लाखमा ठेक्का सम्झौता गरेको थियो । "पालिकाको पाँच वडाहरुमा गरेर जम्मा सात सय वटा धारा जडान गर्न सम्झौता भएको थियो", उहाँले भन्नुभयो, "जसअन्तर्गत लगभग सबै धारा जडान भइसकेका छन् । छिटोभन्दा छिटो योजना सम्पन्न गर्ने लक्ष्यसहित काम भइरहेको छ ।" योजना अन्तर्गत केवल क्रसिङ र केही ठाउँमा पाइपलाइन वितरण बाँकी रहेको उहाँले बताउनुभयो । कार्यालयले पूर्वाधार निर्माणको जिम्मा लिए पनि खानेपानीको मुहान सुनिश्चितताको काम स्थानीय सरकारको रहेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "खानेपानी मुहान दर्ताको काम उहाँहरुले नै हेर्नुहुन्छ । हामीले आवश्यक समन्वय गर्छौं ।" भौगोलिक विकटताका कारण चुमनुब्रीमा योजना सञ्चालन गर्न असहज भए पनि काम अन्तिम चरणमा पुगेको सव-इञ्जिनियर खनालको भनाइ छ । जिल्लामा 'एक घर एक धारा' कार्यक्रम लागू भएको छ वर्ष बितिसक्दा हिमाल पारीको चुमनुब्री गाउँपालिकामा हालसम्म खानेपानीको अभाव छ । बृहत् खानेपानी योजना सम्पन्न भएसँगै खानेपानीको समस्या समाधान हुने अपेक्षा चुमनुब्री बासीको छ ।

# काम नगर्ने निर्माण व्यवसायीलाई कारबाही गर्न निर्देशन

**पोखरापत्र संवाददाता**
पोखरा, १८ चैत

गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री प्रकाशबहादुर केसीले मन्त्रालयको परिपत्रअनुसार काम नगर्ने व्यवसायीलाई कारबाही गर्न निर्देशन दिनुभएको छ ।

मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक तथा चालु आर्थिक वर्षको दोस्रो चौमासिक प्रगति समीक्षा कार्यक्रममा उहाँले काम नगर्ने निर्माण व्यवसायीलाई सम्पर्क गरी निर्माण सुरु गराउन पहल गर्न निर्देशन दिनुभयो । उहाँले चालु आर्थिक वर्षभन्दा अगाडि रोकिएका बहुवर्षीय नियमित योजना सञ्चालन गर्न बहानाबाजी, ढिलासुस्ती गर्ने निर्माण व्यवसायीलाई सम्पर्क गरी निर्माण कार्य सुरु गर्न आग्रह गर्नुभयो । मन्त्रालयबाट गरिएको परिपत्रअनुसार काम अगाडि नबढाएमा निर्माण व्यवसायीलाई लिखित रुपमा कारबाहीका प्रक्रिया अगाडि बढाउन उहाँले निर्देशन दिनुभयो । प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयमा भौतिकतर्फ ४५ प्रतिशत र वित्तीयतर्फ ३१.१५ प्रतिशत प्रगति देखिएको छ ।

चालु आवको वार्षिक विकास कार्यक्रममा समावेश योजनालाई समयमा सम्पन्न गर्नुपर्ने बताउँदै मन्त्री केसीले कुनै योजनाको ठेक्का प्रक्रिया बाँकी भए चैत मसान्तभित्र ठेक्का सम्झौता गर्न निर्देशन दिनुभयो । वार्षिक गोष्ठीमा आउँदा कम्तीमा ८० % प्रगति हासिल हुने गरी कार्य गर्नुपर्ने उहाँको भनाइ थियो ।

# बिक्री हुन थाल्यो चुत्रो र गुर्जो, किसानलाई सङ्कलन गर्न भ्याइनभ्याइ

**लक्ष्मीप्रसाद सापकोटा**
पोखरा, १८ चैत

महत्व नबुझेर अहिलेसम्म वनजङ्गलमा खेर गइरहेको चुत्रो र गुर्जोले बजार पाउन थालेको छ। चुत्रो र गुर्जो प्रशोधन गरेर औषधि निर्माण गर्ने उद्योग स्थापना भएपछि अहिलेसम्म वनजङ्गलमा खेर गइरहेको चुत्रो र गुर्जो सङ्कलन गर्न किसानलाई भ्याइनभ्याइ भएको हो।

कुश्मा नगरपालिका-५ स्थित कालीगण्डकी किनारमा सञ्चालनमा आएको चिनियाँ कम्पनी छिफु बायोटेक्नोलोजी प्रालिले चुत्रोको जरा, डाँठ र गुर्जो प्रशोधन गर्न थालेको हो। रु आठ करोड लगानीमा साढे ४२ रोपनी जमिन भाडामा लिएर कम्पनी सञ्चालन गरिएको छ। यस कम्पनीमा तीन चिनियाँ र ३१ नेपाली कार्यरत छन्। कम्पनीले गुर्जो र चुत्रो सङ्कलन गरेर बिक्री गर्न ल्याउने सङ्कलकलाई चुत्रोका डाँठको प्रतिकिलो रु २५ र जरालाई प्रतिकिलो रु ४० तथा गुर्जोलाई प्रतिकिलोको रु २० दिन थालेको छ। खेतबारी तथा वनजङ्गलमा सदियौँदेखि उपयोगविहीन बनेको चुत्रो र गुर्जो बिक्री हुन थालेपछि अहिले गाउँगाउँका किसानलाई सङ्कलन गर्न भ्याइनभ्याइ छ। कम मेहनत र लगानीमा पर्याप्त आम्दानी गर्न सकिने भएपछि दैनिकजसो जङ्गलमा गएर चुत्रो सङ्कलन गर्नेहरुको सङ्ख्या ह्वात्तै बढेको मोदी गाउँपालिका-४ क्याङका टीका पुनले जानकारी दिनुभयो।

वार्षिक ७३० मेट्रिक टन चुत्रो र गुर्जो सङ्कलन गर्ने लक्ष्य राखेको उद्योगले चार महिनामा २० टनभन्दा बढीको काम हुन नसकेको जनाएको छ। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गत उद्योग विभागमा दर्ता भएको यो कम्पनीले चुत्रो र गुर्जोलाई प्रशोधन गरी धुलो बनाएर चीन पठाउने गरेको छ।

जिल्लाको जलजला गाउँपालिका वडा नं ६ शालिजाका युवा शेरबहादुर पुनले दुई सातामै एक हजार ५०० किलो चुत्रो र गुर्जो बिक्री गरेर रु ५५ हजार आम्दानी गरेको जानकारी दिनुभयो। घरभन्दा माथि रहको तारे सामुदायिक वनबाट उक्त मात्रामा सङ्कलन गरिएको हो। यस्तै फलेवास नगरपालिका-७ लिमीठानाका जगन्नाथ शर्माले बिक्री हुन थालेपछि चुत्रो र गुर्जो खोजी गर्न वनजङ्गल जानेहरुको सङ्ख्या बढेको बताउनुभयो। उहाँले चुत्रो सहजै सङ्कलन गर्न सकिने भए पनि गुर्जो खोजी गर्न भने समय लाग्ने बताउनुभयो। शर्माले यसको उपयोगसँगै खेतीसमेत विस्तार गर्नेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो। औषधिजन्य वनस्पति चुत्रो र गुर्जो सङ्कलन तथा बिक्री भए पनि यसको दीर्घकालीन उपयोग र खेती विस्तारमा ध्यान नदिइएको भन्दै सरोकारवालाले विरोध जनाएका छन्। नागरिकको विरोध बढेपछि डिभिजन वन कार्यालय, जिल्ला प्रशासन कार्यालय र जिल्ला समन्वय समितिको संयुक्त टोलीले उद्योगको स्थलगत अनुगमन गरेको थियो। वन कार्यालयले अनुगमनपछि कम्पनीले आवश्यक कानुनी प्रक्रिया नपुर्‍याएको भन्दै पत्रचार नै गरी तत्काल सङ्कलन कार्य रोक्न आदेश दिएको भए पनि कम्पनीले अटेर गर्दै धमाधम प्रशोधन गरिहेको स्थानीयले बताएका छन्। डिभिजन वन अधिकृत झ्यामनारायण सापकोटाका अनुसार विदेशी कम्पनीले प्रारम्भिक वातवरणीय परीक्षण नगरिक नै परियोजना सञ्चालन गरिरहेको देखिएको थियो। डिभिजन वन कार्यालयले पत्राचार गरेर यो विषयमा आफ्नो सरोकार देखाएजस्तो गरेको भए पनि व्यक्तिको दर्ता श्रेस्ता कायम भएका नम्बरी आवादीमा रहेका वनबाट जडीबुटी सङ्कलन तथा ओसारपसारका लागि अनुमति दिन परिपत्र जारी गरिरहेको छ। कार्यालयले गण्डकी प्रदेश वन नियमावली विसं २०८१ को अनुसूची १६ मा कायम गुर्जो र चुत्रो सङ्कलन तथा ओसारपसार गर्नलाई अनुमति प्रदान गरिएको सापकोटाले बताउनुभयो।

डिभिजन वन अधिकृत सापकोटाले व्यक्तिगत वनबाट ल्याउने कुरालाई आफूहरूले रोक्न नमिल्ने बताउनुभयो। कार्यालयका अनुसार पर्वतबाट यही पुसदेखि गुर्जोगानो १० हजार ५०० किलो र चुत्रो तीन हजार किलो मात्र सङ्कलन गरिएको छ। छिफु बायोटेक्नोलोजी प्रालिका व्यवस्थापक हरिकुमार श्रेष्ठले भने प्रारम्भिक वातवरणीय परीक्षण प्रतिवेदन स्वीकृत नभइसकेको तर अन्तिम प्रक्रियामा रहेको बताउनुभयो। उद्योग परीक्षणकै क्रममा किसानले ठूलो परिमाणमा चुत्रो र गुर्जो सङ्कलन गरेर ल्याएपछि वन कार्यालयले रोकेको दाबी गर्नुभयो।

पैयुँ गाउँपालिकाले गत फागुन २७ मा चुत्रो र गुर्जोगानो सङ्कलन कार्य रोक्न सूचना नै जारी गरेको थियो। प्रमुख प्रशासकीय अधिकृत जीवन गैरेले गाउँपालिकाले अहिले पूर्ण रूपमा सङ्कलन कार्यमा रोक लगाएको बताउनुभयो। डिभिजन वन कार्यालयले गैरकाष्ठ वन पैदावारअन्तर्गत पर्ने चुत्रो र गुर्जो पहाडी भेगमा सबैजसो ठाउँमा पाइने जनाएको छ। कम्पनीले पर्वत, म्याग्दी, बागलुङ, कास्की, लमजुङ, अर्घाखाँची, गुल्मी स्याङ्जालगायत जिल्लालाई केन्द्रित गरेर प्रशोधन उद्योग सञ्चालन गरेको बताएको छ।



गुम्बा र हिमशृखला :
मुस्ताङको घरपझोङ गाउँपालिका-४ स्थित चेछेन कुङ्गा छेखोरलिङ गुम्बा र धौलागिरी र मानापाथी हिमाल। यस गुम्बाबाट देखिने मनोरम दृश्यले मुस्ताङ घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने गरेको छ। तस्बिरः सुशीलबाबू थकाली /रासस

# बागलुङका एक सय छ खानेपानी मुहानमा कोलिफर्म भेटियो

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ चैत

जिल्लाका एक सय छ खानेपानी मुहानमा दिशामा पाइने जीवाणु (कोलिफर्म) भेटिएको छ।

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङले जैमिनी नगरपालिका, काठेखोला गाउँपालिकासहित जिल्लाका १० स्थानीय तहका विभिन्न दुई सय ८५ स्थानमा कोलिफर्म परीक्षण गरेको थियो।

सबैभन्दा बढी जैमिनी नगरपालिका र काठेखोला गाउँपालिकाको खानेपानीमा कोलिफर्म भेटिएको प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रयोगशाला प्राविधिक डिल्ली आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार काठेखोलामा ४७ वटा मुहानमा परीक्षण गरेकामा २७ वटा र जैमिनीमा एक सय छ वटा मुहानमा परीक्षण गरेकामा ४४ वटामा भेटिएको हो। परीक्षणको दायरा बढाए अझै धेरै मुहानमा कोलिफर्म भेटिन सक्ने आचार्यको भनाइ छ। जनस्वास्थ्य कार्यालयले जिल्लाको निसीखोला, तमानखोला, ताराखोला, बरेङ, बडिगाड गाउँपालिका, गलकोट नगरपालिका, ढोरपाटन र बागलुङ नगरपालिकाका



खानेपानीमा कोलिफर्म परीक्षण गरिरहेको छ। धेरै ठाउँबाट परीक्षण गर्न आग्रह गरेकाले विस्तारै सबै स्थानीय तहमा परीक्षण गरिने उहाँको भनाइ छ। आचार्यले भन्नुभयो, "हामीले जिल्लाको धेरै ठाउँमा पुगेर खानेपानीको मुहान परीक्षण गर्दा कोलिफर्म फेला परेको छ, कोलिफर्म भएको पानी पिउनका लागि उपयुक्त हुँदैन, यस्तो पानी पिउँदा झाडापखाला, हैजा, टाइफाइड, जण्डिस, हेपाटाइटिस बीलगायत पानीजन्य रोग लाग्छ, त्यसले गर्दा जनस्वास्थ्य कार्यालयले जनचेतना मुलक कार्यक्रम गरी रहेको छ।"

जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले पालिकाले 'वास प्लान' बनाएको र सोहीअनुसार मुहान सरसफाइ र संरक्षणमा लाग्ने बताउनुभयो। कोलिफर्म देखिएको मुहानलाई व्यवस्थित गरी आमनागरिकलाई पानी शुद्धीकरण गरेर मात्रै प्रयोग गर्न जनचेतना फैलाउने उहाँको भनाइ छ। "कोलिमर्फ नियन्त्रणका लागि नगरपालिकाबाट हुने प्रयास गर्छौं, अन्य निकायबाट प्राविधिक सहयोग लिन्छौं, कोलिफर्मबाट पर्ने असरबाट बच्न आम नागरिकलाई सचेत बनाउँछौं", उपप्रमुख शर्माले भन्नुभयो, "धेरै मुहानमा कोलिफर्म भेटिएकाले पानी शुद्धीकरण गरेर मात्रै प्रयोग गर्नुपर्ने हुन्छ, यसप्रति हामी गम्भीर भएका छौं।"

# घरघरै खानेपानी आएपछि खहरेवासी हर्षित

**पोखरापत्र संवाददाता**
तनहुँ, १८ चैत

तनहुँको भानु नगरपालिका-३ खहरेमा घरघरै खानेपानीको धारा आएपछि स्थानीयवासी हर्षित भएका छन्। लामो समयसम्म एक गाग्री खानेपानीका लागि घण्टौं कुर्नुपर्ने समस्या भोगेका स्थानीयवासी घर-घरमा जडान गरिएका धाराबाट पानी आउन थालेपछि हर्षित बनेका हुन्।

खानेपानीको समस्या झेल्दै आएका खहरे, दोरदोरटार र चिप्लेटीका स्थानीय घरघरै धारा जडानपछि नाम्लो र डोको बोक्नुपर्ने बाध्यता हटेको बताउँछन्। आयोजनाको नेपाली कांग्रेस केन्द्रीय सदस्य गोविन्द भट्टराईले तनहुँको अधिकांश ठाउँमा शुद्ध खानेपानीको पहुँच पुर्‍याउने उद्देश्यले १० वर्षसम्म निरन्तर गाउँलेसँग सहयात्रा गरी विभिन्न निकाय धाउँदै अहिले निर्माण सम्पन्न भएकोमा खुसी लागेको बताउनुभयो। आयोजना सम्पन्न भएपछि खहरेलगायत गाउँका तीन सय ८४ धुरीमा खानेपानीको धारा जडान गरेपछि पानीको समस्या झेल्नु परेको छैन। प्रशस्त पानी आएपछि स्थानीय तरकारीखेती गर्न थालेको चिप्लेटी खहरे खानीपानी आयोजनाका अध्यक्ष टीकाराम श्रेष्ठले बताउनुभयो। यहाँ विगतमा एउटै टोलका २० वटा घरधुरीले एउटै धारामा पानी खाँदै आएकोमा अहिले एक घर, एक धारा निर्माण गरी घर-घरमै खानेपानी पुर्‍याइएको छ। डिभिजन खानेपानी कार्यालय तनहुँको रू दुई करोड ५० लाखको लगानीमा दोरदोरबाट दुई वटा ट्याङ्कीमा पानी ल्याइएको खानेपानी उपभोक्ता समितिका अध्यक्ष श्रेष्ठले बताउनुभयो। भानु नगरपालिका-३ खहरेकी स्थानीयवासी दिलसरा गुरूङले खुसी व्यक्त गर्दै अब पानी बोक्न टाढा जानुपर्दैन र घरघरमै पानी आउनाले सजिलो बनाएको बताउनुभयो।त्यसैगरी, सोममाया श्रेष्ठले पनि पानी घरमै आउन थालेपछि आफ्नो धेरै पहिलेदेखिको बाध्यता हटेको सुनाउँदै भन्नुभयो, "पानीको लागि लामो समय पर्खनुपर्दैन, अब सबै कुरा सहज छ। राति नै गएर पानीको लागि लाइन बस्नु पर्दैन, समय बचत भएपछि अहिले किराना व्यवसायतर्फ पनि समय दिन थालेको छु र त्यसबाट केही पैसा आम्दानीसमेत हुन थालेको छ।" स्थानीय अप्सरा तामाङलाई पहिले पानी लिन बिहानै उठेर घण्टौं लाइनमा बस्नुपर्थ्यो, तर अब घरमै पानी आएसँगै, उहाँलाई त्यस्तो समस्याको सामना गर्नुपर्ने छैन। "पहिले बिहानको समय नै यति धेरै जान्थ्यो, अब छिट्टै पानी पाइन्छ," उहाँले भन्नुभयो। अहिले खानेपानी वितरण प्रणालीलाई व्यवस्थित गरेपछि सुख्यायाममा स्रोत सुक्दा खानेपानीको जोहो गर्न मुस्किलहुँदै आएकोमा अब यो समस्याको समाधान भएको भानु नगरपालिका प्रमुख आनन्दराज त्रिपाठीले बताउनुभयो।

गाउँमा खानेपानी आएपछि उपभोग गर्न पाएपछि स्थानीय बासिन्दामा उत्साह थपिएको छ। खानेपानी समितिले सङ्घ संस्था विद्यालय अस्पताल ज्येष्ठ नागरिक भवनलगायतलाई निःशुल्क पानी उपलब्ध गराएको छ।

# 'पर्यटन प्रवर्द्धनमा होटल व्यवसायीको भूमिका महत्वपूर्ण'

**रासस**
काठमाडौं, १८ चैत

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले मुलुकको आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धनमा होटल व्यवसायीको महत्वपूर्ण भूमिका रहेको बताउनुभएको छ।

नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक होटल व्यवसायी सङ्घले नयाँ वर्ष २०८२ को पूर्वसन्ध्यामा यहाँ आयोजित शुभकामना आदानप्रदानका अवसरमा उहाँले आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धनमा साना तथा मझौला होटल व्यवसायीको महत्वपूर्ण भूमिका रहेको बताउनुभएको हो। महामन्त्री थापाले कोरोनाबाट थला परेको नेपालको होटल क्षेत्रलाई आगामी आर्थिक वर्षको बजेटले सम्बोधन गर्नुपर्ने उल्लेख गर्नुभयो। लगानीको वातावरण निर्माणमा सरकार लाग्नुपर्ने उहाँको भनाइ थियो। कांग्रेस केन्द्रीय सदस्य एवं पूर्वमन्त्री सीता गुरुङले व्यवसायसँगै राजनीतिलाई अगाडि बढाउन लोकतान्त्रिक होटल व्यवसायी सङ्घले महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्नुभयो। लोकतन्त्रवादी होटल व्यवसायी एकताबद्ध भएर अगाडि बढेमात्र लोकतन्त्रलाई जोगाउन सकिने उहाँको भनाइ थियो। कांग्रेस केन्द्रीय सदस्य एवं शुभेच्छुक संस्था समन्वय विभागका संयोजक अब्दुल सत्तारले पार्टीले निर्धारण गरेकै मितिमा लोकतान्त्रिक होटल सङ्घको अधिवेशन सम्पन्न गर्नुपर्ने बताउनुभयो। व्यवसायीको समस्या समाधान गर्न कांग्रेस प्रतिवद्ध रहेको उहाँको भनाइ थियो। कांग्रेस केन्द्रीय सदस्य नैनसिंह महरले पर्यटन प्रवर्द्धनको क्षेत्रमा नेपालको होटल क्षेत्रले महत्वपूर्ण योगदान दिएको उल्लेख गर्नुभयो। होटल क्षेत्रले नेपालको अर्थतन्त्रमा सहयोग गरेको उहाँको भनाइ थियो। कांग्रेस केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले देशभर बसाइँसराइको दर भयावह बन्दै गएको भन्दै चिन्ता व्यक्त गर्नुभयो।

# तनहुँ जलविद्युत् आयोजनाबाट एक सय हेक्टरमा वृक्षरोपण

**पोखरापत्र संवाददाता**
तनहुँ, १८ चैत

एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाले एक सय चार हेक्टरभन्दा बढी क्षेत्रफलमा वृक्षारोपण गरेको छ। आयोजना निर्माण गर्दा रुख कटान भएबमोजिम क्षतिपूर्तिवापत १०४ दशमलव २१ हेक्टर जग्गामा वृक्षरोपण गरिएको आयोजनाले जनाएको छ।

आयोजना प्रमुख श्यामजी भण्डारीले आयोजना निर्माण गर्दा रुख कटान भएपश्चात् वृक्षरोपण गर्नुपर्ने प्रावधानअनुसार आयोजनाका तर्फबाट बिरुवा रोपिएको जानकारी दिनुभयो। कार्यालयले थप १७ सामुदायिक वन क्षेत्रमा क्षतिपूर्ति स्वरुप वृक्षरोपणको तयारी गरेको उहाँले बताउनुभयो। त्यसका लागि गण्डकी प्रदेश वन मन्त्रालयका सचिवबाट अनुगमन गरी आयोजनाका पदाधिकारी र डिभिजन वन कार्यालय तनहुँका प्रमुखसँग छलफल भएको छ।

आयोजनालाई आवश्यक वन क्षेत्रको जग्गा प्रयोग र त्यहाँ रहेका रुख, बिरुवा हटाउने, क्षतिपूर्ति, वृक्षारोपणलगायत विषयमा छलफल गरिएको भण्डारीको भनाइ छ। यस्तै, आयोजनाले म्याग्दे गाउँपालिका-३ स्थित सिद्धबतासन सामुदायिक वन उपभोक्ता समूहमा पोखरी निर्माण गरेको छ। आयोजनाको वन तथा वन्यजन्तु व्यवस्थापन योजनाअन्तर्गत वन्यजन्तुको सहज आवतजावत तथा बासस्थान संरक्षणका लागि पोखरी निर्माण गरिएको हो। साथै मत्स्य व्यवस्थापन योजनाअन्तर्गत ऋषिङ गाउँपालिका-१ झापुटारस्थित आयोजना कार्यालय तथा आवास परिसरमा मत्स्य ह्याचरी बाहिर रहने संरचना निर्माण गरिएको पनि आयोजनाले जनाएको छ। ह्याचरीमा आवश्यक पर्ने पानी आपूर्ति र त्यसको नमूना परीक्षण गरिएको छ भने परीक्षणका लागि माछाका भुर्रा छाडिएको आयोजना प्रमुख भण्डारीले बताउनुभयो।


## शिक्षक आवश्यकता

मादी गाउँपालिकाको कार्यालय कास्कीको मिति २०८१/१२/१५ च.नं. १४२७ को विज्ञापन अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८१/१२/१५ को बैठकको निर्णय अनुसार यस विद्यालयमा माध्यमिक तह १०+२ अनुदान कोटा अन्तर्गत अंग्रेजी विषयको शिक्षक रिक्त रहेकोले खुला प्रतियोगिताद्धारा तोकिएको म्यादभित्र आफुले हासिल गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु र अन्य आवश्यक कागजातहरु संलग्न गरि दरखास्त दिनुहुन् यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः
विज्ञापन नंः ०१/२०८१/०८२ पद : शिक्षक किसिम : करार (अनुदान)
विषय : अंग्रेजी तह : माध्यमिक (कक्षा ११-१२)
संख्या : १ उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
शैक्षिक योग्यताः मान्यता प्राप्त विश्वविद्यालयबाट अंग्रेजी मुल विषय लिइ स्नात्तकोत्तर तह उत्तीर्ण
तलब स्केल : नेपाल सरकारको प्रचलित नियमानुसार
परीक्षा किसिमः लिखित र अन्तवार्ता
परीक्षा दस्तुर : रु. १५००/- (अक्षरुपी एक हजार पाँच सय मात्र )
दरखास्त दिने अन्तिम मितिः २०८१/१२/३१ गते दिउँसो ४ बजेसम्म।
सम्पर्क मिति : २०८१/१२/३१
परीक्षा मिति र केन्द्र : सम्पर्क मितिका दिन तोकिने छ।
दरखास्तका साथ संलग्न गर्नुपर्ने कागजातहरु
क) हस्तलिखित निवेदन ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
ग) शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु
घ) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि
नोट : रित नपुगी वा म्याद नाघी आएका दरखास्त माथी कुनै कारबाही हुने छैन।
अन्य जानकारीको लागि विद्यालयको इमेल janakalyansecondary2022@gmail.com वा सम्पर्क नं. ९८५६००२५१० मा सम्पर्क गर्न सक्नुहुनेछ।

**श्री जन कल्याण माध्यमिक विद्यालय**
**मादी गाउँपालिका-१०, कास्की**



## शिक्षक आवश्यकता

यस विद्यालयको मिति २०८१/१२/१५ गते को विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार यस विद्यालयमा रिक्त हुन आएको छात्राबास शिक्षक तथा प्रा.वि. तह गणित विषय शिक्षक संस्या १ र प्रा.वि. तह शिक्षक संख्या १ गरी २ शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता भएका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ।

**तपशिल**
१) तहः प्रा.वि. २) संख्याः २ जना
३) विषयः गणित वा विज्ञान विषय अध्यापन गर्ने ३)किसिमः निजि शिक्षक
४) तबल स्केलः आपसी समझदारीमा
५) शैक्षिक योग्यताः +२ उत्तीर्ण न्यूनतम वा सो सरह
६) उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७) आवश्यक कागजपत्रहरुः निवेदन, शै.योग्यताको प्रमाण पत्रको प्रतिलिपिहरु, नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ थान
८) परीक्षा दस्तुर : रु २००
९) परीक्षाको किसिम : लिखित र अन्तरवार्ता साथै कक्षा अवलोकन
१०) दरखास्त दिने अन्तिम मितिः २०८१/१२/२७ गते ४ बजेसम्म
११) सम्पर्क मितिः फोनबाट जानकारी दिइनेछ।
नोटः प्रा.वि.तहमा गणित, विज्ञान विषयको अनुभव भएको र छात्रावासमा बस्ने १ जनालाई विशेष ग्राहयता।

**श्री बालमन्दिर मा. वि.**
**अन्नूर्ण गाउँपालिका-३, कास्की**
**सम्पर्क नं.: प्र. अ. ९८४६०५८४४५, विद्यालय ९८५६०११७९९**